# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७५ भदौ २४

### स्वच्छ र स्वस्थ वातावरणीय अधिकार संरक्षण सम्बन्धमा सरोकारवाला निकायसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा सरसफाई तथा स्वच्छ वातावरणको समस्याका कारण सर्वसाधारणको स्वास्थ्यमा पर्न गएको असरप्रति चासो व्यक्त गर्दै सरकारी निकाय, स्थानीय निकाय लगायत सरोकारवालासँग आज छलफल गरेको छ ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले फोहोरमैला व्यवस्थापन एवं वातावरण संरक्षण सम्बन्धमा संघीय, प्रदेश र स्थानीय सरकारको कुनै ठोस योजना नभएको एवं यी निकायहरुवीच समन्वयको अभाव रहेको बताउनुभयो । साथै उहाँले वातावरणीय समस्या नेपाल सरकार, जनप्रतिनिधि लगायत आमनागरिकको समस्या भएकोले यसको समाधानमा सबैको समन्वयकारी भूमिका रहनुपर्ने धारणा राख्नुभयो । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आयोगका माननीय सदस्य सुदिप पाठकले फोहोरमैला व्यवस्थापन, रसायनयुक्त संक्रमीत र साधारण फोहोरमैला व्यवस्थाप, विसर्जन स्थल, वायु प्रदुषणमा देखिएको समस्याले मानव जीवन जोखिममा परेको बताउनुभयो ।

छलफलमा संविधानद्वारा प्रदत्त स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न एवं वायु प्रदुषणबाट हुने क्षेति बापत पीडितले क्षेतिपूर्ति पाउने मौलिक हकको कार्यान्वय पक्ष कमजोर रहेको, सरोकारवाला निकायवीच समन्वयको अभाव देखिएकोले आगामी दिनमा स्वच्छ र स्वस्थ वातावरण संरक्षणमा सरोकारवाला निकाय संवेदनशील हुनुपर्नेमा सहभागीहरुको जोड रहेको थियो ।

आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न भएको उक्त छलफलमा आयोगका माननीय सदस्य प्रकाश वस्ती, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, काठमाण्डौ महानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गी, ललितपुर महानगरपालिकाका उपप्रमख गीता सत्याल, वन तथा वातावरण मन्त्रालयका सहसचिव चन्द्रमान डंगोल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव पुरूषोत्तम नेपाल, आयोगका निमित्त सचिव मुरारी प्रसाद खरेल, प्रहरी नायव महानिरीक्षक मनोज नेउपाने, प्रहरी वरिष्ठ उपरिक्षक बसन्त पन्त, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव लक्ष्मी प्रसाद गौतम, सञ्चारकर्मीहरु लगायतको उपस्थिति रहेको थियो ।

..................
मोहना अन्सारी
प्रवक्ता/सदस्य


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org